नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन, पुल्चोक, ललितपुर

**मितिः २०७९।०२।३०**

## धन्यवाद ज्ञापन

अर्थतन्त्रमा Covid -19 को पटक पटका लहरले परेको प्रभाव र यसबाट श्रृजना भएका समस्याहरुको विचमा पनि राजस्व अनुसन्धान विभागको काममा निरन्तरता रहेको छ ।

यस आर्थिक वर्षमा विभागिय प्रमुखहरुको २ पटक परिवर्तन हुँदा समेत विभागबाट हुने अनुसन्धान र अभियोजनमा निरन्तरता नै रहेको छ । राजस्व चुहावट तथा नियन्त्रण ऐन, २०५२ (पहिलो संसोधन) को पछिल्लो संसोधनले विभागको कार्य प्रकृती अभियोजन मुलक अनुसन्धानमा वढी केन्द्रित हुने गरी जिम्मेवारी तोकेकोले राजस्व चुहावटका विविध क्षेत्रमा संलग्न व्यवसाय, फर्म र व्यक्तीहरुका कारोबार स्थलमा विभागले अनुगमन वढाउने, कारोबार स्थलबाट कागजातहरु नियन्त्रणमा लिने, अनुसन्धान गर्ने र कानुनले तोकेको सिमा भित्र रही अभियोजन गर्ने वा कर निर्धारण गर्ने साथै सरोकारबाला निकायमा लेखी पठाउने कार्य गर्दै आएकोछ ।

अनुसन्धानलाई तिव्रता दिदा विभागको कार्य सम्पादन र अनुसन्धानमा रहेका व्यक्ति वा फर्महरुको वुझाइमा फरकपन आउने लामो समयको विभागको संस्थागत संस्मरणमा कहिले काही देखिने गरेको छ ।

यस आर्थिक वर्षमा वहुराष्ट्रिय कम्पनिहरुले कारोबारमा गरेको पुँजिगत लाभ कर छली, नक्कली अन्तःशुल्क स्टिकरको प्रयोग, क्रिप्टोकरेन्सी जस्ता अत्यन्तै जटिल र केही नयाँ विषयमा समेत विभागले अभियोजन गरेको र यस्तै विषयमा आफ्नो अनुसन्धानलाई केन्द्रित गरेको छ ।साथै महालेखापरीक्षकका विभिन्न वर्षका वार्षिक प्रतिवेदनहरुमा उल्लेख भएका कर छलीका कतिपय गम्भिर विषयमा विभागको अनुसन्धान निरन्तरता रहेको छ ।

पछिल्लो केही महिनामा आयातमा भएको कडाइका कारणले वस्तुको चोरी पैठारी वढन सक्ने (चिनी लत्ता कपडा, मदिरा, विद्युतिय सामान) र नियमित भन्सार विन्दु प्रयोग नगरी एकै पटक गोदाम स्थलमा श्रोत नखुलेका वस्तुको भण्डारण र कारोबार गरेको सूचनाका आधारमा यस्ता कृयाकलापमा संलग्न व्यवसायीलाई थुनामा नै राखी अनुसन्धान र अभियोजनलाई तिव्रता दिईएको अवस्था छ ।

सर्वसाधारणहरुको नागरिकता र आर्थिक अवस्थाको फाईदा उठाई कारोबार गर्ने र वस्तविक कारोबारी पर्दा पछाडी रहन सक्ने तर्फ सचेत रहदै विभागले त्यस्ता कारोबारस्थलबाट प्रयोग भएका कम्प्युटर, मोवाईलमा रहेका विवरणहरुलाई डिजिटल फरेन्सिक ल्याव समेतको मद्दतमा अनुसन्धानको आधार वनाई वास्तविक धनी पहिचान गर्ने पद्धतिको विकास गर्दै लगेको छ ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको निर्णयले २०७८।०६।१८ गते देखी आजसम्म यस विभागमा कार्यरत रहेको अवधिमा भएका कृयाकलापाहरुको संक्षिप्त विवरण निम्न बमोजिम रहेको छ ।

राजस्व चुहावटमा दायर भएका मुद्दाहरुको विवरण

| सि.नं. | मुद्दा सख्या | प्रतिवादी सख्या | विगो रकम | जरिवाना रकम | जम्मा विगो | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ६९ | २०३ | १०,३०,६५,४३,३९५।- | १०,३०,६५,४३,३९५।- | २०,६१,३०,८६,७९०।- | राष्ट्रसेवाक कर्मचारी - ७ (नेपालगंज- ३भद्रपुर- ४ ) |

विदेशी विनिमय अपचलनमा दायर भएका मुद्दाहरुको विवरण

| सि.नं. | मुद्दा सख्या | प्रतिवादी सख्या | विगो रकम | जरिवाना रकम | जम्मा विगो | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ४६ | ७८ | १,१०,२१,४७,७८४।- | | | |

- VCTS मा कारवाही गरेको फर्म/सवारी साधनको संख्याः - ६६८
- VCTS मा कारवाहीबाट संकलन भएको राजस्व रकमः - ३,४३,२६,६००।-
- नियमित, आकस्मिक तथा द्रुत गस्ती परिचालन संख्याः - ७१३
- उच्च सरकारी वकिलको कार्यालय, जिल्ला सरकारी विकलको कार्यालयमा पठाइएका र राय प्राप्त भई अभियोन प्रकृयामा रहेका मुद्दा संख्याः २६

महानिर्देशकको जिम्मेवारी प्रदान गर्ने सम्माननीय प्रधानमन्त्रीज्यू, प्रधानमन्त्री तथा मन्त्रीपरिदको कार्यालयका माननीय राज्यमन्त्रीज्यू श्रीमान् मुख्य सचिवज्यू, सचिवज्यूहरु लगायत यस कार्यकालमा प्रत्यक्ष एवं अप्रत्यरुपमा सहयोग पुर्याउनु हुने निजी क्षेत्र, आमसंचार क्षेत्र र सूचनादाता लगायत सरोकारवाला सवैमा हार्दिक धन्यवाद एवं आभार व्यक्त गर्दछु ।

प्रकाश पौडेल
महानिर्देशक